बुद्धभूमी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बुड्ढी, कपिलवस्तु

५ नं. प्रदेश, नेपाल

## *ताल ठेक्का व्यवस्थापन सम्बन्धी सूचना*

*पुन: प्रकाशित मिति: २०७५।०१।१०*

जिल्ला कपिलवस्तु बुद्धभूमी नगरपालिका वडा नं.२ पुरैनामा पर्ने तपसिल बमोजिमको ताल माछा पालन ब्यवसायका लागि मिति:२०७४।११।१३ गतेको नगर कार्यपालिकाको बैठकको निर्णय अनुसार निम्न शर्तहरु राखी डाँक बढावढको लागि यस अघिको सूचना अनुसार डाँक बढाबढको लागि कुनै निवेदन पर्न नआएकोले १५ दिनको लागि पुन: प्रकासित गरिएको छ । ईच्छुक नेपाली नागरिकहरुले २०७५।०१।२४ गतेभित्र यस कार्यालयमा निवेदन दर्ता गरी २०७५।०१।२५ गते दिउसो १२:०० बजे नगर कार्यपालिकाको कार्यालयमा खुला डाँक बढाबढको लागि उपस्थित भई दिनुहुन अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ठेगाना | क्षेत्रफल | कबोल अँक | अवधी |
|---|---|---|---|---|
| १ | बुद्धभूमी नगरपालिका वडा नं.२ पुरैना, कपिलवस्तु | २-५-० | १,५०,०००।– प्रति बर्ष | ५ बर्ष |

**शर्तहरु**

१. ठेक्का अवधि सम्झौता भएको मितिले ५ बर्षको लागि रहने छ ।
२. ठेक्का बोल्ने ब्यक्तिले पाँच बर्षको लागि हुन आउने ५% रकम तुरुन्तै सोहीदिन नगदै बुझाउनु पर्नेछ । उक्त रकम धरौटीको रुपमा राखिने छ र नियमानुसार फिर्ता गरिने छ ।
३. ठेक्का सदर भएको विक्रि गर्न पाईने छैन ।
४. ठेक्का सदर रकम ५ किस्तामा हुने र सो रकम पहिलो किस्ताको हकमा ठेक्का सदर भएको मितिले १५ दिनभित्र र अन्य किस्ताको हकमा प्रत्येक बर्ष पौष मसान्त भित्र (बृद्धि) १०% प्रतिशत थप सहित बुझाउनु पर्ने छ ।
५. तोकिएको समयमा किस्ता नबुझाएमा ठेक्का बदर गरि धरौटी रकम जफत गरिने छ र ठेक्का रद्द समेत गर्न सक्ने छ ।
६. कृष्कका लागि आवश्यकता परेका बखत माछालाई असर नपर्ने गरी पानी दिनु पर्ने छ ।
७. तालको अवस्था ठेक्का लिंदा र छोड्दा दुरुस्त हुनुपर्ने छ ।
८. ठेक्का बढी बोली ठेक्का नलिएमा ५ प्रतिशत रकम फिर्ता हुने छैन ।
९. ताल ठेक्का सम्झौता भई सकेपछि ताल मर्मत सम्भार ठेकेदारले गर्नु पर्नेछ ।
१०. खुला डांक बढावढ दिनको १२:३० बजे बाट सुरु हुने र डाँक बोल्नको लागि १ दिन अगावै अर्थात २०७५।०१।२४ गते ५:०० बजे सम्म बुद्धभूमी न.पा., नगर कार्यपालिकाको कार्यालयको एन.एम.वी.बैंकमा रहेको संचितकोष हि.नं.०४४००६००५५९९७६००००१ मा बाट रु.१०००।– जम्मा गरि सक्कल बैंक भौचर सहित निवेदन दर्ता भई सहभागती हुनुपर्नेछ ।
११. निवेदनको साथमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।
१२. ठेक्का डाँक बढाबढ खुल्ला विधिद्वारा बढी दिने ब्यक्ति, संघ संस्थालाई दिईने छ । तर उक्त डाँक सदर बदर गर्ने अधिकार न.पा.मा निहित रहने छ ।
१३. ठेक्का सम्बन्धी अन्य कुराको जानकारी कार्यालय समयभित्र यस नगरपालिकाको कार्यालयबाट लिन सकिनेछ ।

१।१०

मेघनाथ पाध्या

प्रमुख प्रशासकिय अधिकृत